# स्थानीय राजपत्र

# हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १० चित्रेभन्ज्याङ, स्याङ्गजा, आषाढ ११ गते, २०८३ संख्याः ३

भाग २

## स्थानीय सरकार

## हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्जा गण्डकी प्रदेश, नेपाल

हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।

हरिनास गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८० (प्रथम संशोधन २०८३) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि (प्रथम संशोधन २०८३)

१. संक्षिप्त नामः कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि प्रथम संशोधन २०८३

२.यो कार्यविधिको परिच्छेद १ को नियाम २ मा संशोधन सहित अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा) भन्ने शब्द थप गरिएको ।

३. यो कार्य विधिको परिछ्हेद ३ को नियाम २ कन्टेनजेन्सी भन्ने शब्द थप गरिएको ।

४. परिच्छेद ४ को नियाम ६ मा अधिकृत स्तरको शाखा प्रमुख अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा)लाई शुरु तलव स्केलको ६५ प्रतिशत ,भन्ने थप गरिएको ।

५.यस कार्यविधिको परिच्छेद ५ को नियाम ११ मा अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा)प्रशासन योजना तथा अनुगमन अधिकृत अनुसुची-०२ थप गरिएको ।

आज्ञाले

नामथरः-श्री राजीव सुवर्णकार

पदः-प्रमुख प्रशासकीय अधिकृत

राजिव [redacted]

नि. प्रमुख प्रशा[redacted]

# कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८०

## कार्यापालिकाबाट स्वीकृत मिति :-२०८०/११/६

प्रमाणित मिति :-२०८०/११/६
प्रथम संशोधनः-२०८३/२/२९

### प्रस्तावना

गाउँपालिकाका कार्य जिम्मेवारी अधिक भएका शाखाहरुमा कार्यरत कर्मचारीहरुवाट सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरिय र प्रभावकारी बनाइ गाउँपालिकाको लक्ष्य हासिल गर्न कर्मचारीलाइ उत्प्ररित गराउन बाच्छनिय भएकोले हरिनास गाउँपालिकाको दोस्रो गाउँ सभाको चौधौ अधिवेशनबाट कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०८० पारित गरिएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नामः यस कार्यविधिको ना कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८० रहनेछ ।

*२. यो कार्यविधि प्रशासन सेवा अन्तरगतका प्रमुख प्रशासकीय अधिकृत, अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा) योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख, लेखा शाखामा कार्यरत लेखापाल र इन्जिनियरिङ सेवा अन्तरगतका पुर्वाधार विकास तथा वातावरण व्यवस्थापान शाखा प्राविधिक कर्मचारीलाइ मात्र लागु हुनेछ। यो कार्यविधि २०८०/११/०७ गते देखि लागू हुनेछ ।

## परिच्छेद-२

## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) प्रोत्सहान भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि भन्नाले हरिनास गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८० लाई सम्झनु पर्दछ ।

खिम नारायण मानन्धर
अध्यक्ष

- प्रथम संशोधनद्वारा थप

ख) गाउँपालिकाका भन्नाले नेपालको संविधान अनुरुप गठन भएको हरिनास गाउँपालिका, स्याङ्जालाइ सम्झनुपर्दछ ।

ग। प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता भन्नाले तोकिएको कर्मचारीलाइ तोकिएको काम गरेवापत प्रोत्साहन स्वरुप दिइने सुविधालाइ सम्झनु पर्दछ ।

## परिच्छेद-३

## वित्तीय स्रोत व्यवस्थापन

*२ यस कार्यविधि बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत,कन्टेनजेन्सीको आम्दानी र राजश्व बांडफांडबाट प्राप्त रकमबाट मात्र उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ४

## कार्यान्वयन कार्यविधि

५ यस कार्यविधि बमोजिम उपलब्ध गराउने प्रोत्साहन भत्ता गाउँसभाबाट स्वीकृत कर्मचारी प्रोत्साहन तथा पुरस्कार र फिल्ड भत्ता शिर्षकमा विनियोजन गरिएको बजेटबाट प्रदान गरिनेछ ।

क) प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता मूल्यांकन फारम भरी सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्यांकनको आधारमा प्रत्येक २/२ महिनामा प्रदान गरिनेछ ।

*६ विनियोजित प्रोत्साहन तथा पुरस्कार शिर्षक वा कन्टिजेन्सि शिषर्कमा विनियोजित बजेटबाट प्रमुख प्रशासकीय अधिकृत,सुरु तलव स्केलको ७५ प्रतिशत , अधिकृत स्तरको शाखा प्रमुख अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा) लाई शुरु तलव स्केलको ६५ प्रतिशत , आर्थिक प्रशासन शाखा प्रमुख र सहायकलाई सुरु तलव स्केलको ६५ प्रतिशत पुर्वाधार शाखाको अधिकृत छैटौ सातौ तहको ईन्जिनियरलाई ४५ प्रतिशत, सब ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियरलाई सुरु तलब स्केलको ३० प्रतिशत, (फिल्ड भत्ता स्वरुप) योजना तथा अनुगमन शाखा प्रमुखलाई सुरु तलब स्केलको ३५ प्रतिशत प्रोत्साहन उपलब्ध गराइनेछ ।

७ प्रोत्साहन भत्ता पाउन यस कार्यविधिको दफा ५ बमोजिमको विधि अबलम्बन गरी कार्य सम्पादन मूल्यांकनमा कुल पूर्णाङ्कको औषतमा घटीमा ६५ अंक प्राप्त गर्नु पर्नेछ। यदि ६५ अंक भन्दा कम अंक प्राप्त गरेमा शुरुको महिनामा सुधार गर्ने मौका दिईनेछ भने दोस्रो महिना पनि ६५ अंकभन्दा कम अंक प्राप्त गरेमा निज कर्मचारीले पाउने भत्तामा जति कम अंक प्राप्त भएको छ, त्यति प्रतिशतले कर्मचारीले पाउने भत्तामा घटाएर भुक्तानी गरिनेछ ।

खिम नारायण मानन्धर
अध्यक्ष

- प्रथम संशोधनद्वारा थप

८.प्रोत्साहन भत्ता पाउने कुनै कर्मचारी वा फिल्ड भत्ता पाउने कुनै प्राविधिक कर्मचारी ७ दिन भन्दा बढी एकै महिनामा विदा बसेमा प्रोत्साहन भत्ताको भुक्तानी गर्दा ७ दिन पछिको जति दिन हुन आउँछ, दामासाहीले त्यति दिनको उसले पाउने प्रोत्साहन भत्ता वा फिल्ड भत्ताको आधारमा हुन आउने रकम कट्टा गरेर भुक्तानी गरिनेछ ।

९. प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीले जिल्लाभित्र भ्रमणमा दिदा दैनिक भ्रमण भत्ता वा प्रोत्साहन भत्ता मध्ये कुनै एक मात्र दावि गर्न पाउने छन ।

१०. कार्य सम्पादन मूल्यांकन फारमलाइ सुपरीवेक्षण गर्न र सुपरिवेक्षकमा प्रमुख प्रशासकीय अधिकृत रहनेछ भने पुनरावलोकनकर्तामा गाउँपालिका अध्यक्ष रहनेछ। यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रमुख प्रशासकीय अधिकृतको कार्य सम्पादन मूल्यांकनको सुपरीवेक्षकमा प्रमुख प्रशासकीय अधिकृत आँफै हुनेछ भने पूनरावलोकनकर्तामा गाउँपालिका अध्यक्ष रहनेछ ।

११. यस कार्यविधिको दफा-०५ बमोजिम भत्ता र फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारी मध्ये प्रमुख प्रशासकीय अधिकृतले अनुसुची-०१, अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा र प्रशासन योजना तथा अनुगमन अधिकृत अनुसुची-०२ र लेखा शाखा प्रमुख र लेखा सहायकले अनुसुची-०३, आन्तरिक लेखा परिक्षकले अनुसुची-०५ अनुसारको कार्यसम्पादन मूल्यांकन फारम र इञ्जिनिरिङ सेवाका सबै कर्मचारीले अनुसुची-०४ अनुसारको कार्य सम्पादन मूल्यांकन फारम र अनुसुची ६ अनुसारको फिल्ड निरिक्षण फारम भरी पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## संशोधन तथा परिमार्जन

१२. हरिनास गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८० लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## परिच्छेद-५

## बचाउ तथा खारेजी

खिम नारायण मानन्धर
अध्यक्ष

- प्रथम संशोधनद्वारा थप

१३. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ संग बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

प्रमाणित गर्ने

नामथरःखिम नारायण मानन्धर

पदःगाउँपालिका अध्यक्ष

खिम नारायण मानन्धर
अध्यक्ष

- प्रथम संशोधनद्वारा थप